भाग ५

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

सूचना

भूमि सम्बन्धी (उन्नाइसौं संशोधन) नियमहरू, २०७८

भूमि सम्बन्धी नियमहरू, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "भूमि सम्बन्धी (उन्नाइसौं संशोधन) नियमहरू, २०७८" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. भूमि सम्बन्धी नियमहरु, २०२१ मा नियम ४१छ१.थपः भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम ४१छ. पछि देहायको नियम ४१छ१.थपिएको छः-

"४१छ१.स्याद थप गर्न सक्नेः (१) नियम ४१छ. बमोजिम सार्वजनिक रुपमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र निवेदनसाथ पेश गर्नु पर्ने विवरणको सङ्कलन गर्ने काम सम्पन्न हुन नसकेको आधार र कारण खुलाई सम्बन्धित स्थानीय तहले सो प्रयोजनको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि म्याद थप गर्न आयोग समक्ष अनुरोध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम म्याद थपको लागि अनुरोध भई आएमा आवश्यकता र औचित्यता हेरी आयोगले एक पटकको लागि पैंतीस दिनको म्याद थप गर्न सक्नेछ । त्यस्तो म्याद थप सम्बन्धी सूचना आयोगले राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्याद थप सम्बन्धी सूचनालाई सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र प्रचार प्रसार समेत गर्नु वा गराउनु पर्नेछ ।"

आज्ञाले,
टेकनारायण पाण्डे
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।